# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं, असोज २४ गते, २०७० साल (संख्या २८

## भाग ३

नेपाल सरकार

### कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको सूचना

### पारस्परिक कानूनी सहायता नियमावली, २०७०

पारस्परिक कानूनी सहायता अध्यादेश, २०६९ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "पारस्परिक कानूनी सहायता नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "अध्यादेश" भन्नाले पारस्परिक कानूनी सहायता अध्यादेश, २०६९ सम्झनु पर्छ ।

(ख) "अनुसन्धान अधिकारी" भन्नाले प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान र अभियोजन गर्न अधिकारप्राप्त अधिकारी सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले परराष्ट्र मन्त्रालय सम्झनु पर्छ ।

३. **विदेशी राज्यलाई पारस्परिकताको आधारमा कानूनी सहायता उपलब्ध गराउने कार्यविधि** : (१) पारस्परिक कानूनी सहायता आदान प्रदान गर्ने सम्बन्धमा नेपालसँग द्विपक्षीय सन्धि नभएको कुनै विदेशी राज्यले अध्यादेशको दफा ३ को उपदफा (२) बमोजिम कुटनैतिक माध्यम मार्फत नेपाल सरकार समक्ष अनुरोध गरेमा मन्त्रालयले सो सम्बन्धमा प्रारम्भिक अध्ययन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अध्ययन गर्दा त्यस्तो विदेशी राज्य वा सो राज्यको कानून बमोजिम अधिकार प्राप्त निकायले भविष्यमा त्यस्तै प्रकृतिको न्यायिक कारवाहीमा नेपालबाट पारस्परिक कानूनी सहायताको लागि अनुरोध हुदाँ त्यस्तो सहायता प्रदान गर्ने आश्वासन कुनै कुटनैतिक माध्यम मार्फत दिएको र त्यस्तो माग भएको बिषयमा कानूनी सहायता प्रदान गर्दा नेपालको सार्वभौमसत्ता वा सार्वजनिक व्यवस्थामा प्रतिकूल असर पर्ने नदेखिएमा मन्त्रालयले पारस्परिकताको आधारमा पारस्परिक कानूनी सहायता उपलब्ध गराउने सिफारिस सहित सोसँग सम्बद्ध विवरण, कागजात र प्रमाण आवश्यक कारवाहीका लागि केन्द्रीय अधिकारी समक्ष पठाउनु पर्नेछ ।

(३) मन्त्रालयबाट उपनियम (२) बमोजिम सिफारिस सहित अनुरोध प्राप्त भएमा केन्द्रीय अधिकारीले ऐनको दफा २७ बमोजिम काम कारवाही गर्नु पर्नेछ ।

(४) मन्त्रालयले उपनियम (१) बमोजिम अध्ययन गर्दा पारस्परिकताको आधारमा कानूनी सहायता उपलब्ध गराउन नसकिने देखेमा सोको जानकारी सम्बन्धित मुलुक तथा केन्द्रीय अधिकारीलाई दिनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) मन्त्रालयले उपनियम (१) बमोजिमको अध्ययन त्यस्तो अनुरोध प्राप्त भएको मितिले बढीमा पन्ध्र दिन भित्र गरिसक्नु पर्नेछ ।

(६) अध्यादेश र यस नियमावली बमोजिम कुनै विदेशी राज्यले नेपाल समक्ष पारस्परिक कानूनी सहायताको माग गर्दा अनुसूची-१ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

४. <u>विदेशी राज्यबाट कानूनी सहायता माग गर्ने विधि</u> : (१) अध्यादेश बमोजिम कुनै अनुसन्धान अधिकारीले कुनै कसूरको अनुसन्धान वा अभियोजनमा सहयोग पुग्ने कुनै पारस्परिक कानूनी सहायता विदेशी राज्यसँग माग गर्नु पर्ने भएमा अध्यादेशको दफा १४ मा उल्लिखित विवरण खुलाई अनुसूची-२ बमोजिमको ढाँचामा केन्द्रीय अधिकारी समक्ष अनुरोध गर्नु पर्नेछ ।

(२) कुनै अदालतले न्यायिक कारवाहीको सिलसिलामा सहयोग पुग्ने कुनै पारस्परिक कानूनी सहायता विदेशी राज्यसँग माग गर्ने आदेश गरेमा सम्बन्धित अदालतले अध्यादेशको दफा १४ मा उल्लिखित विवरण खुलाइ अनुसूची-३ बमोजिमको ढाँचामा केन्द्रीय अधिकारी समक्ष अनुरोध गर्नु पर्नेछ ।

(३) केन्द्रीय अधिकारीले उपनियम (१) वा (२) बमोजिम अनुरोध प्राप्त भएमा अध्यादेशको दफा १४ र १५ मा उल्लिखित विवरण खुलाइ अनुसूची-४ बमोजिमको ढाँचामा कुटनैतिक माध्यम मार्फत सम्बन्धित विदेशी राज्यमा अनुरोध गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पारस्परिक कानूनी सहायता माग गर्दा सम्बन्धित विदेशी राज्यको कानूनले कुनै निश्चित शर्तको व्यवस्था गरेको रहेछ भने केन्द्रीय अधिकारीले त्यस्तो शर्तको समेत पालना गर्नु पर्नेछ ।

५. <u>पारस्परिक कानूनी सहायता वापतको शुल्क वा दस्तुर भुक्तानी लिने प्रकृया</u> : (१) कुनै विदेशी राज्यबाट पारस्परिक कानूनी सहायताको लागि अनुरोध प्राप्त भएको र त्यस्तो अनुरोध उपर अध्यादेशको दफा २७ बमोजिम केन्द्रीय अधिकारीले गरेको जाँचबुझबाट पारस्परिक कानूनी सहायता उपलब्ध गराउने निर्णय भएकोमा सो वापत कुनै शुल्क वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दस्तुर लाग्ने रहेछ भने पारस्परिकतालाई समेत मध्यनजर गरी सोको जानकारी केन्द्रीय अधिकारीले सम्बन्धित विदेशी राज्यलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पारस्परिक कानूनी सहायता उपलब्ध गराउँदा लाग्ने शुल्क वा दस्तुर सम्बन्धित विदेशी राज्यबाट प्राप्त हुन ढिलाई भएको अवस्थामा केन्द्रीय अधिकारीले सो वापतको शुल्क वा दस्तुर व्यहोरी पारस्परिक कानूनी सहायता सम्बन्धी कारवाहीलाई तत्काल अघि बढाउनु पर्नेछ ।

(३) पारस्परिक कानूनी सहायता उपलब्ध गराउँदा लाग्ने शुल्क वा दस्तुर वा उपनियम (२) बमोजिम केन्द्रीय अधिकारीले व्यहोरेको शुल्क वा दस्तुरको सोधभर्ना सम्बन्धित विदेशी राज्यले केन्द्रीय अधिकारीले तोकेको बैंक खातामा पठाउनु पर्नेछ ।

६. <u>जानकारी दिनु पर्ने</u> : अध्यादेशको दफा ३ बमोजिम विदेशी राज्यबाट पारस्परिक कानूनी सहायताको लागि अनुरोध भई आएकोमा केन्द्रीय अधिकारीले अध्यादेशको दफा २६ बमोजिम त्यस्तो अनुरोध प्राप्त भएको जानकारी अनुसूची-५ बमोजिमको ढाँचामा सम्बन्धित विदेशी राज्यलाई कुटनैतिक माध्यम मार्फत दिनु पर्नेछ ।

७. <u>समन्वय समिति गठन गर्न सकिने</u> : (१) केन्द्रीय अधिकारीलाई अध्यादेश तथा यस नियमावली बमोजिमको कामकारवाही प्रभावकारी रुपमा सम्पादन गर्ने कार्यमा सघाउ पुऱ्याउन देहाय बमोजिमका सदस्यहरु रहेको एक समन्वय समिति गठन गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | सहसचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | संयोजक |
| (ख) | प्रतिनिधि, परराष्ट्र मन्त्रालय | सदस्य |
| (ग) | प्रतिनिधि, सर्वोच्च अदालत | सदस्य |
| (घ) | प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| (च) | प्रतिनिधि, अनुसन्धान तथा तहकिकात गर्ने वा अन्य सम्बन्धित निकाय | सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम गठित समन्वय समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) पारस्परिक कानूनी सहायता सम्बन्धी विषयमा आवश्यक सुझाव दिने,

(ख) पारस्परिक कानूनी सहायता आदान प्रदान गर्ने सम्बन्धमा आवश्यक सहयोग गर्ने,

(ग) केन्द्रीय अधिकारीले तोकिदिएका अन्य कार्यहरु गर्ने ।

८. **<u>अनुवाद सम्बन्धी व्यवस्था</u>** : (१) कुनै विदेशी राज्यबाट अध्यादेशको दफा ४० को उपदफा (२) बमोजिम अंग्रेजी भाषामा प्राप्त हुन आएको अनुरोधपत्र र सोसँग संलग्न लिखत वा कागजात वा नेपालको तर्फबाट कुनै विदेशी मुलुकमा पारस्परिक कानूनी सहायताको लागि गरिने अनुरोधपत्र, सोसँग संलग्न लिखत वा कागजातको अनुवाद केन्द्रीय अधिकारीले गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुवाद गर्ने प्रयोजनको लागि केन्द्रीय अधिकारीले विभिन्न भाषाका अनुवादकहरुको रोष्टर तयार गरी प्रत्येक आर्थिक वर्षको लागि त्यस्तो रोष्टर अद्यावधिक समेत गर्नु पर्नेछ ।

(३) केन्द्रीय अधिकारीले उपनियम (१) बमोजिम अनुवाद गर्नु पर्ने अनुरोधपत्र, सोसँग संलग्न लिखत वा कागजात सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही अनुवाद गराउनु पर्नेछ ।

तर विशेष परिस्थिति परी वा कुनै खास भाषाको ज्ञान भएको व्यक्ति रोष्टरमा नरहेको अवस्थामा रोष्टरमा नरहेको व्यक्तिबाट समेत अनुवाद गराउन बाधा पर्ने छैन ।

९. **<u>क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन</u>** : (१) केन्द्रीय अधिकारीले सरोकारवाला निकायका अधिकारीहरुलाई पारस्परिक कानूनी सहायता सम्बन्धमा नियमित तालिम, अर्न्तक्रिया लगायत क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) को प्रयोजनको लागि केन्द्रीय अधिकारीले विदेशी मुलुकको समान काम गर्ने निकाय लगायत सम्बन्धित अन्तर्राष्ट्रिय संस्थासँग आवश्यक सहकार्य गर्न सक्नेछ ।

१०. <u>केन्द्रीय अभिलेख राख्नु पर्ने</u> : केन्द्रीय अधिकारीले नेपालबाट विदेशी राज्यसँग माग गरिएको र प्राप्त भएको तथा विदेशी राज्यको अनुरोधमा त्यस्तो राज्यलाई नेपालले उपलब्ध गराएको वा गराउन नसकिएको जानकारी गराइएको पारस्परिक कानूनी सहायताका विषयहरुको केन्द्रीय अभिलेख अद्यावधिक राख्नु पर्नेछ ।

११. <u>वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने</u> : केन्द्रीय अधिकारीले अध्यादेशको दफा ४४ बमोजिम पेश गर्नु पर्ने वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र नेपाल सरकार, मन्त्रिपरिषदमा पेश गर्नु पर्नेछ ।

१२. <u>कार्यविधि वा निर्देशिका बनाई लागू गर्ने</u> : केन्द्रीय अधिकारीले अध्यादेश र यस नियमावली तथा पारस्परिक कानूनी सहायता सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

मुद्रण विभाग



६३८

## अनुसूची -१
### नियम ३ को उपनियम (६) सँग सम्बन्धित
### विदेशी राज्यले नेपाल समक्ष पारस्परिक कानूनी सहायताको अनुरोध गर्दा खुलाउनु पर्ने विवरण

१. अनुरोध गर्ने विदेशी राज्यको नाम :

२. विदेशी राज्यको अदालत वा निकायको नाम र ठेगाना :

३. सम्पर्क ठेगाना :

(क) फोन नं. :

(ख) फ्याक्स नं.:

(ग) ईमेल :

(घ) वेबसाइट :

४. माग गरिएको पारस्परिक कानूनी सहायतासँग सम्बन्धित नेपालको अदालत वा निकायको नाम :

५. मुद्दा :

६. मुद्दा दर्ता नं.

७. मुद्दाका पक्षहरुको नाम, थर र वतन :

८. पारस्परिक कानूनी सहायता माग गरिएको विषय :

(क) .....

(ख) .....

(ग) .......

(घ) .......

९. पारस्परिक कानूनी सहायता प्राप्त भई सक्नु पर्ने मिति :

१०. छिटो प्राप्त गर्नु पर्ने भए त्यसको कारण :

११. आवश्यक अन्य विवरण ।

सम्बन्धित राज्यको तर्फबाट अनुरोध गर्ने अधिकारीको नाम :

पद :

हस्ताक्षर :

मिति :

## अनुसूची-२

नियम ४ को उपनियम (१) सँग सम्बन्धित

### अनुसन्धान अधिकारीले पारस्परिक कानूनी सहायता माग गर्दा खुलाउनु पर्ने विवरण

मिति :

**विषय : पारस्परिक कानूनी सहायताको लागि अनुरोध गरिएको ।**

श्री केन्द्रीय अधिकारी,

.................. काठमाण्डौ ।

यस निकायबाट अनुसन्धान भईरहेको देहाय बमोजिमको मुद्दामा विदेशी राज्यबाट देहाय बमोजिमको पारस्परिक कानूनी सहायताको आवश्यक भएकोले देहायको विवरण खुलाई पठाईएको व्यहोरा अनुरोध छ ।

१. मुद्दा :

२. मुद्दा दर्ता नं.

३. प्रतिवादीको नाम, थर र वतन :

४. अनुरोध गर्नु पर्ने विदेशी राज्यको नाम :

५. विदेशी राज्यको अदालत वा निकायको नाम र ठेगाना :

६. सम्पर्क ठेगाना :

(क) फोन नं. :

(ख) फ्याक्स नं.:

(ग) ईमेल :

(घ) वेबसाइट :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. विदेशी राज्यको सरकारी कामकाजको भाषा :

८. पारस्परिक कानूनी सहायता माग गरिएको विषय :

(क) .....

(ख) .....

(ग) .......

(घ) .......

९. पारस्परिक कानूनी सहायता प्राप्त गरिसक्नु पर्ने मिति :

१०. छिटो प्राप्त गर्नु पर्ने भए त्यसको कारण :

११. अध्यादेशको दफा १४ बमोजिम खुलाउनु पर्ने विवरण ।

माग गर्ने अधिकारीको नाम :
पद :
हस्ताक्षर :

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-३

**नियम ४ को उपनियम (२) सँग सम्बन्धित**

**अदालतले पारस्परिक कानूनी सहायता माग गर्दा खुलाउनु पर्ने विवरण**

मिति :

विषय : पारस्परिक कानूनी सहायताको लागि अनुरोध गरिएको ।

श्री केन्द्रीय अधिकारी,
.................. काठमाण्डौ ।

यस अदालतमा विचाराधिन रहेको देहाय बमोजिमको मुद्दामा विदेशी राज्यबाट देहाय बमोजिमको पारस्परिक कानूनी सहायता माग गर्ने मिति ........... मा आदेश भएकोले देहायको विवरण खुलाई पठाईएको व्यहोरा अनुरोध छ ।

१. मुद्दा :

२. मुद्दा दर्ता नं.

३. प्रतिवादीको नाम, थर र वतन :

४. अनुरोध गर्नु पर्ने विदेशी राज्यको नाम :

५. विदेशी राज्यको अदालत वा निकायको नाम र ठेगाना :

६. सम्पर्क ठेगाना :

(क) फोन नं. :

(ख) फ्याक्स नं.:

(ग) ईमेल :

(घ) वेबसाइट :

७. विदेशी राज्यको सरकारी कामकाजको भाषा :

८. पारस्परिक कानूनी सहायता माग गरिएको विषय :



७३७४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) .....

(ख) .....

(ग) .......

(घ) .......

९. पारस्परिक कानूनी सहायता प्राप्त गरिसक्नु पर्ने मिति :

१०. छिटो प्राप्त गर्नु पर्ने भए त्यसको कारण :

११. अध्यादेशको दफा १४ बमोजिम खुलाउनु पर्ने विवरण ।

माग गर्ने अदालतको अधिकृतको नाम :

पद :

हस्ताक्षर :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-५

### नियम ६ सँग सम्बन्धित

### केन्द्रीय अधिकारीले पारस्परिक कानूनी सहायताको अनुरोध प्राप्त गरेको जानकारी गराउँदा खुलाउनु पर्ने विवरण

मिति :

विषय : **पारस्परिक कानूनी सहायताको लागि अनुरोध प्राप्त गरेको जानकारी।**

१. अनुरोध दर्ता नं. :

२. अनुरोध दर्ता मिति :

३. अनुरोध प्राप्त गर्ने निकायको विवरण :

(क) नाम :

(ख) ठेगाना :

(ग) फोन नं. :

(घ) फ्याक्स नं.:

(ङ) ईमेल :

(च) वेबसाइट :

४. सरकारी कामकाजको भाषा :

५. पारस्परिक कानूनी सहायताको अनुरोधको कार्यान्वयन गर्न सहयोग लिनु पर्ने निकायहरु :

(क) .....

(ख) .....

(ग) ........

(घ) .......

६. पारस्परिक कानूनी सहायता उपलब्ध गराउन सकिने मिति :

७. निर्धारित समयभित्र पठाउन सकिने वा नसकिने :

८. नसकिने भए त्यसको कारण :

९. अन्य आवश्यक विषय।

कार्यालयको छाप :

जानकारी दिने अधिकारीको नाम

पद :

हस्ताक्षर :

**आज्ञाले,**

भेषराज शर्मा

**नेपाल सरकारको सचिव**